कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

CORPORATE OFFICE
Tangal, Kathmandu
**Phone:** +977-01-4443077/4443079
**Email:** info@kumaribank.com
**Website:** www.kumaribank.com
SWIFT: KMBLNPKA
प.लि.द.नं.: ७२३/०५६/५७

प.च.नं. :केबिएल/कं.स./२९/२०७९/८०

मिति : २०७९/०९/१२

श्री नेपाल राष्ट्र बैंक,बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।

श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरवेक्षण विभाग, लाजिम्पाट, काठमाण्डौं ।

श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंह दरबार प्लाजा, काठमाण्डौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

**विषय : कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभिए पश्चात कुमारी बैंक लिमिटेडको नाममा मिति २०७९/०९/१७ गते देखि एकीकृत वित्तीय कारोवार शुरु हुने जानकारी वारे ।**

महोदय,

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त बैंक **कुमारी बैंक लिमिटेड र** नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त बैंक **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** एक आपसमा गाभिने गर्ने सम्बन्धमा दुवै संस्थाहरुको मिति २०७९/०८/२५ सम्पन्न छुटाछुट्टै विशेष साधारण सभाबाट पारीत विशेष प्रस्ताव बमोजिम मर्जर गर्नको निम्ति नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०९/०६ को पत्रबाट मर्जर सम्बन्धी अन्तिम स्वीकृति पत्र प्राप्त भएको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** गाभिने अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने संस्था **कुमारी बैंक लिमिटेड** ले व्यहोर्ने सकार्ने गरी गाभ्न/गाभिनको लागि स्वीकृति प्राप्त भएको जानकारी गराउँदै गाभ्ने संस्था "**कुमारी बैंक लिमिटेड**" अंग्रेजीमा "**Kumari Bank Limited**", नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्थाको नामबाट मिति २०७९/०९/१७ देखि एकीकृत वित्तीयं कारोवार शुरु गरिने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ । मर्जर पश्चात बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय हाल कुमारी बैंक लिमिटेड को रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहेको स्थान, बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२ टंगालमा रजिष्टर्ड कार्यालय रहने व्यहोरा समेत यसै पत्र मार्फत जानकारीको लागि अनुरोध छ ।

साथै, मिति २०७९/०९/१७ देखि दुवै संस्थाको एकीकृत वित्तीय कारोवार शुरु गरिने भएको हुंदा Data Migration प्रयोजनको लागि मिति २०७९/०९/१५ र १६ गते सार्वजनिक विदा दिनका **कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** द्वारा आफ्ना विभिन्न शाखाहरुबाट प्रदान गर्दै आईरहेको बैंकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा यसै पत्र मार्फत जानकारीको लागि अनुरोध छ ।

यस सम्बन्धी पहिलो सार्वजनिक सूचना मिति २०७९/०९/१२ गतेको कान्तिपुर दैनिकमा प्रथम पटक प्रकाशित गरी सो को एक प्रति प्रतिलिपि यसै पत्र संलग्न गरी तहाँ पेश गरिएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

अश्विन बाबु श्रेष्ठ
कम्पनी सचिव

KUMARI BANK LTD. CORPORATE OFFICE

बोधार्थ,
१) श्री कुमारी क्यापिटल लि., नागपोखरी, काठमाण्डौं ।
२) श्री ठूलाकरदाता कार्यालय, ललितपुर ।

# कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने र गाभिए पश्चात कुमारी बैंक लिमिटेड नामबाट एकीकृत कारोबार गरिने बारेको सूचना ।

कुमारी बैंक लिमिटेड, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.०२ टंगाल ("क" वर्गको ईजाजतपत्र प्राप्त बैंक) र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२८ बागबजार ("क" वर्गको ईजाजतपत्र प्राप्त बैंक) को मिति २०७९/०८/२५ गते सम्पन्न कम्पनीको आ-आफ्नो विशेष साधारण सभाबाट **कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०७९/०९/०६ को पत्रानुसार एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम स्वीकृति प्राप्त भएको र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०८ को पत्रबाट समेत एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** गाभिने अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने संस्था **कुमारी बैंक लिमिटेडले** ब्यहोर्ने/सकार्ने गरीं गाभ्ने/गाभिने (मर्जर) को लागि स्वीकृति प्राप्त भएको जानकारी गराउँदै गाभ्ने संस्था नेपालीमा **"कुमारी बैंक लिमिटेड"** र अंग्रेजीमा "Kumari Bank Limited", नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त बैंकको नामबाट मिति २०७९/०९/१७ आइतवार तदनुसार जनवरी ०१, २०२३ का दिन देखि एकीकृत कारोबार सञ्चालन गरिने ब्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । गाभ्ने/गाभिने(मर्जर) पश्चात बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय हाल कुमारी बैंक लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको स्थान बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.०२ टंगालमा रजिष्टर्ड कार्यालय रहने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै, मिति २०७९/०९/१७ देखि दुवै संस्थाको एकीकृत कारोबार शुरु गरिने भएको हुँदा Data Migration प्रयोजनको लागि मिति २०७९/०९/१५ गते र मिति २०७९/०९/१६ सार्वजनिक बिदाका दिन **कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** द्वारा आफ्ना विभिन्न शाखाहरुबाट प्रदान गर्दै आईरहेको बैंकिङ्ग सेवाहरु बन्द रहने ब्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुबिधा प्रति क्षमाप्रार्थी छौं ।

गाभ्ने/गाभिने(मर्जर) कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पत्ति दायित्व मूल्यांकनकर्ता विशेषज्ञ तथा निमयनकारी निकायका पदाधिकारीज्यूहरु प्रति कुमारी बैंक लिमिटेड तथा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

**NCC Bank**
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
Your Business Bank

**कुमारी बैंक लिमिटेड**
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**प्रधान कार्यालय, टंगाल, काठमाण्डौं फोन नं. ०१-४४४३०७७/७८**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( .................................. शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ३३७२२

मिति : २०७९-०९-०८

विषय :- कम्पनी गाभ्ने स्वीकृति बारे ।

**कुमारी बैंक (लि. नं. ७२३)**
का.म.न.पा.-०,काठमाण्डौ,बाग्मती

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७९/०८/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कुमारी बैंक, लि.नं. ७२३ मा नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि.नं. ६०३ लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि.नं. ६०३ लाई कुमारी बैंक, लि.नं. ७२३ मा गाभ्न मिति २०७९/०९/०८ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।
२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।
३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।
४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) बर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।
५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।
६.नेपाल राष्ट्र बैंकको प.सं. बैं.वि.नि.वि./मर्जर/१४/०७८/०७९ मिति २०७९।०९।०६ को अन्तिम स्वीकृति प्रदान गरिएको पत्रमा उल्लेखित शर्त प्रक्रिया पूरा गरी सो बारे जानकारी दिने।

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार
सहायक रजिष्ट्रार

__बोधार्थ__
श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौं।
श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर।
श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौं।
श्री सिडिएससी लि. काठमाण्डौं।
श्री ठुला करदाता कार्यालय, ललितपुर।
श्री क्रेडिट एण्ड कमर्सियल बैंक लि.नं. ६०३ ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np